**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ६ मितिः २०८०/१०/२३ अतिरिक्ताङ्क

**भाग-२**

## खर तथा फुसका छाना विस्थापन कार्यविधि

**२०८०**

**जैमिनी नगरपालिका**

# जैमिनी नगरपालिका

# खर तथा फुसका छाना विस्थापन कार्यविधि

# २०८०

**१ प्रस्तावना**

नेपालको संविधानले प्रदत्त गरेको आवास सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गरी जैमिनी नगरपालिका क्षेत्रभित्र खर तथा फुसले छाएका घरहरुलाई जस्ता वा टिनले विस्थापन गर्न आवश्यक देखिएकोले जैमिनी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ३ बमोजिम जैमिनी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**२ संक्षिप्त नाम र प्रारम्भ**

यस कार्यविधिलाई जैमिनी नगरपालिकाको " खर तथा फुसका छाना विस्थापन कार्यविधि २०८०" भनिनेछ ।

**३ परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ः

क) "नगरसभा" भन्नाले जैमिनी नगरपालिकाको नगरसभालाई सम्झनु पर्नेछ ।

ख) "कार्यपालिका" भन्नाले जैमिनी नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्नेछ ।

ग) "प्रमुख" भन्नाले जैमिनी नगरपालिकाका नगर प्रमुखलाई सम्झनु पर्नेछ ।

घ) "उपप्रमुख" भन्नाले जैमिनी नगरपालिकाका नगर उप प्रमुखलाई सम्झनु पर्नेछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जैमिनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृलाई सम्झनुपर्नेछ ।

च) "वडा अध्यक्ष" भन्नाले जैमिनी नगरपालिका भित्रका आ—आफ्नो वडाका वडा अध्यक्षहरु सम्झनुपर्नेछ ।

छ) "नगरपालिका" भन्नाले जैमिनी नगरपालिकालाई सम्झनुपर्नेछ ।

ज)   "वडा समिति" भन्नाले जैमिनी नगरपालिकाका विभिन्न वडामा निर्वाचित वडा अध्यक्ष समेतको वडा समितिलाई सम्झनु पर्नेछ ।

झ)   "प्राविधिक टोली" भन्नाले जैमिनी नगरपालिकाको ईन्जिनियर सहितको टोलीलाई सम्झनुपर्नेछ ।

ञ)   "गरिबको परिचयपत्र" भन्नाले नेपाल सरकारबाट प्राप्त गरेको गरिबको परिचयपत्रलाई सम्झनु पर्नेछ ।

ट)   "खर तथा फुसका छाना लाभग्राही" भन्नाले" जैमिनी नगरपालिकाभित्र कही कतै खर तथा फुसले छाएको घर वाहेक अन्य घर नभएको नगरवासी नागरिकलाई सम्झनु पर्दछ ।

ठ)   सम्झौता भन्नाले नगरपालिका कार्यालय र लाभग्राही नागरिक विच भएको सम्झौतालाई सम्झनु पर्नेछ ।

ड)   "छनौट समिति" भन्नाले दफा ६ बमोजिमको समितिलाई सम्झनुपर्दछ ।

ढ)   "नागरिक" भन्नाले नेपाली नागरिकता प्राप्त गरेको जैमिनी नगरपालिकामा स्थायी ठेगाना भएको व्यक्तिलाई सम्झनुपर्दछ ।

ण)   "खर तथा फुसका छाना लाभग्राही" भन्नाले अनुदान प्राप्त गर्ने योग्यता भएको जैमिनी नगरपालिकामा स्थायी ठेगाना भई बसोवास गरेका भएका नागरिकलाई सम्झनु पर्नेछ ।

**४   कार्यविधिको पालना गर्नुपर्ने**

क)   जैमिनी नगरपालिका भित्र बसोवास गर्ने नगरवासी सवैले यस कार्यविधिको पालना गर्नुपर्नेछ ।

**५  खर तथा फुसका छाना लाभग्राहीले निवेदन दिनुपर्ने**

खर तथा फुसको छाना घर भएका परिवारले देहायको प्रकृया पुरा गरी नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

क)   वडा अध्यक्षले खर तथा फुसले छाएको घर भएको तथा अन्य कुनै घर नभएको खुलाई गरेको सिफारिस ।

## ६ लाभग्राही छनौट समिति रहने

क) लाभग्राही छनौट गर्नको लागि नगरपालिका कार्यालयमा देहायको समिति रहनेछ ।

| | | |
|---|---|---|
| अ) | नगर प्रमुख | अध्यक्ष |
| आ) | नगर उपप्रमुख | सदस्य |
| इ) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ई) | प्राविधिक शाखाको प्रमुख | सदस्य |
| उ) | सामाजिक शाखा प्रमुख | सदस्य सचिव |

ख) समितिले आवश्यक देखेमा वढीमा ३ जना सम्म अन्य व्यक्ति वा संस्थालाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

ग) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

## ७ समितिले निर्णय गर्ने

समितिले खर तथा फुसका छाना भएका घर विस्थापनका लागि बार्षिक योजनामा विनियोजन भएको रकम खर्च गर्ने विषयमा कार्ययोजना बनाउने, लाभग्राही छनौट गर्ने, वितरण पद्धति तय गर्ने, समस्या आएमा कार्यविधि अनुसार समाधान गर्ने जिम्मेवारी वहन गर्नेछ ।

समितिले देहायको आधारमा लाभग्राही छनौट गर्नुपर्नेछ ।

क) नगरसभाबाट विनियोजन भएको बजेटको सीमा,

ख) वडा अध्यक्षको सिफारिस वा वडा समितिको निर्णय

ग) गरीब परिचय पत्र,

घ) स्थलगत अध्ययन प्रतिवेदन

समितिले सम्भव भए सम्म नगरपालिकाका सवै वडाहरु समेटिने गरी निर्णय गर्नुपर्नेछ ।

**८ त्रुटी भएमा सच्चाउन सक्ने**

खर तथा फुसका छाना लाभग्राही पहिचान गर्दा त्रुटी भएमा प्रमुख प्रशासकीय अधिकृतले आदेश गरी त्यस्तो त्रुटीपूर्ण कार्य स्थगित गर्नसक्नेछ । त्रुटी भएको अवस्थामा कार्यपालिकाले सच्चाउन सक्नेछ ।

**९ सम्झौता गर्नुपर्ने**

समितिको वैठकबाट निर्ण भए पछि देहाय बमोजिम सम्झौता गनुपर्नेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी र सम्बन्धित व्यक्तिले सम्झौता गर्नेछन ।

ख) छाना निर्माण गर्न लाग्ने समय प्राविधिक शाखाको सल्लाहमा समितिले निर्धारण गर्नेछ ।

ग) समितिको निर्णय अनुसारको समयावधीमा सम्पन्न गर्ने गरी सम्झौता गर्नुपर्नेछ ।

घ) सम्झौतामा प्राप्त हुने अनुदान रकम र प्राप्त गर्ने समय उल्लेख हुनुपर्नेछ ।

**१० वैक खाता खोल्नुपर्ने**

क) लाभग्राहीले प्राप्त गर्ने अनुदान रकम वैक मार्फत दिईनेछ ।

ख) लाभग्राहीको नाममा वैकमा खाता खोल्नु पर्नेछ ।

**११ अनुदान रकमको सिमा**

क) खर तथा फुसका छाना लाभग्राहीलाई वढीमा रु. ५०,०००। पचास हजार रुपैया मात्र अनुदान उपलब्ध गराईनेछ ।

ख) लाभग्राहीको पुरानो भएको घरको नाप अनुसार अनुदान उपलब्ध गराईनेछ ।

ग) लाभग्राहीलाई नगद वा सो वरावरको जस्ता पाता(टिन) उपलब्ध गराईनेछ ।

घ) लाभग्राहीलाई प्राप्त गर्ने नगद अनुदान कार्यसम्पन्न पश्चात मात्र उपलब्ध गराईनेछ ।

ङ) लाभग्राहीलाई नगद उपलब्ध गराउँदा टिन खरिद लाग्ने रकम सहित काठ, ढुवानी, ज्यामी र किल्ला खरिदलाई लाग्ने रकम समेत मुल्याङ्कन गरि भुक्तानि गराईनेछ ।

**१२ प्रचलित कानून बमोजिम हुने**

क)	यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

ख)	कार्यपालिका वैठकबाट भएका निर्णयहरु यस कार्यविधि अनुसार भएको मानिनेछ ।

**१३ संसोधन**

क)	यस कार्यविधिमा संसोधन गर्नुपरेमा प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिका वैठकमा प्रस्ताव पेश गर्न सक्नेछ ।

ख)	कार्यपालिकाले निर्णय गरेमा कार्यविधि संशोधन हुनेछ ।